
apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्षः १२ ● अंकः १३६ ● पृष्ठः ४ ● २० जेठ २०८३ बुधबार (03 June 2026, Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

# सिरहा नगरपालिकामा ताल्चामाथि ताल्चा

## वडाध्यक्षहरुद्वारा लेखा शाखामा अर्को तालाबन्दी, कार्यपालिका बैठकको माग



**रुक्केश कामती/अपन दैनिक**
**सिरहा, जेठ १९ गते**

सिरहा नगरपालिकामा ताल्चामाथि ताल्चा लगाउने क्रम सुरु भएको छ। सिरहा नगरपालिकाका केही वडाअध्यक्षहरुले एक साता अघि लेखा शाखामा ताल्चा लगाएका थिए। प्रमुख प्रशासकीय अधिकृतको विषयमा ताल्चा लगाएर समस्याको समाधानतर्फ अघि बढेका थिए।

सिरहा नगरपालिकाभित्र बजेटको पादरर्षिता, विगतमा भएको योजनाहरुको भुक्तानीको विषयले द्वन्द चर्किएको छ। प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनु कार्यालयमा नआउने गरी जवाफदेहिताबाट पन्छिएका छन्। सिरहा नगरपालिकामा जारी द्वन्दको समाधान निकाल्न कार्यपालिका बैठक पनि नियमित रूपमा बस्न सकेको छैन्। जसले गर्दा समस्या अझैं विकराल रुप लिएको छ। विकास योजनाहरू प्रभावित भएको तथा प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा नियमित उपस्थित नभएको आरोप लगाउँदै दुई जना वडाध्यक्षले नगरपालिकाको लेखा शाखामा मंगलवार अर्को तालाबन्दी गरेका छन्।

वडा नम्बर-२ का वडा अध्यक्ष राकेश कुमार यादव र वडा नम्बर-६ का वडा अध्यक्ष इन्द्रजित यादव नेतृत्वको टोलीले लेखा शाखामा तालाबन्दी गर्दै कार्यपालिका बैठकको माग गरी समस्या समाधान गर्न आग्रह गरेको छ। बजेटमा गरिएको भेदभावलाई अन्त गर्न कार्यपालिका बैठक अह्वान गर्न र नगरपालिकामा देखिएको समस्याहरुको समाधान निकाल्नुपर्ने वडा अध्यक्ष राकेश यादवले बताए। उनीहरूले कार्यपालिका बैठक तत्काल बोलाउन, विकास योजनाहरू आवश्यकता अनुसार संशोधन गर्न तथा प्रमुख प्रशासकीय अधिकृतलाई नियमित रूपमा कार्यालयमा उपस्थित गराउन माग गरेका छन्।

वडाध्यक्षहरूको भनाइमा लामो समयदेखि कार्यपालिका बैठक नियमित रूपमा बस्न नसक्दा नगरपालिकाका महत्वपूर्ण नीतिगत तथा विकाससम्बन्धी निर्णयहरू प्रभावित भएका छन्। त्यसको प्रत्यक्ष असर बजेट कार्यान्वयन,

बाँकी पृष्ठ ३

# प्रतिपक्षी दलद्वारा मधेश प्रदेश सभा अवरुद्ध

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १९ गते**

सरकारले मापदण्ड विपरित संवैधानिक निकायमा नियुक्त गरेको भन्दै विपक्षी दलले मधेश प्रदेश सभाको बैठक अवरोध गरेका छन्।

प्रदेश सभा बैठक सुरु हुनासाथ प्रमुख प्रतिपक्षी जनता समाजवादी पार्टी, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले मापदण्ड विपरित पुरानो मितिमा प्रदेश सरकारले जनलोकपाल आयोग र लोकसेवा आयोगमा सदस्य नियुक्ति गरेको भन्दै विरोध गरेका हुन्।




जनलोकपाल र लोकसेवा आयोगको सदस्यको नियुक्ति खारेजको माग गर्दै मुख्यमन्त्रीले माफी नमागेसम्म बैठक चल्न नदिने प्रतिपक्षीको अडान छ।

बाँकी पृष्ठ ३

# 'लहान स्कलर्स– नि:शुल्क शिक्षा अभियान' को घोषणा

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १९ गते**

'कुनै पनि सपना आर्थिक अवरोधहरूले सीमित हुनुहुँदैन' भन्ने नारासहित सिरहा लहानका समाजसेवी तथा व्यवसायी युवाहरूले 'लहान स्कलर्स– नि:शुल्क शिक्षा अभियान'को घोषणा गरेका छन्।

प्रख्यात समाजसेवी मुरारीलाल मुरारका, चेतन मुरारका, सुभाष




जैसवाल, अजित अग्रवालको सहयोगमा नि:शुल्क शिक्षा अभियानको घोषणा गरिएको हो। लहानस्थित

बाँकी पृष्ठ ४

# जनकपुर चुरोट कारखानाको जग्गा ताक्दै मधेश सरकार

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १९ गते**

पूर्णरूपमा जीर्ण भइसकेको जनकपुर चुरोट कारखाना लिमिटेड (जचुकालि) पुन: सञ्चालनको चर्चा चलिरहेका बेला मधेश सरकारले कारखानाको सो जग्गा हस्तान्तरणका लागि पहल अघि बढाउने भएको छ।

प्रदेश सरकार गठन भएदेखिनै प्रदेश सरकारको प्रशासनिक कार्यालय जचुकालि परिसरकै भवनमा सञ्चालित छ। अधिकांश मन्त्रालय जचुकालिकै जीर्ण भवनहरूमा सञ्चालनमा छन् भने केही मन्त्रालयको अस्थायी भवन बनाई सञ्चालन गरिँदै आइएको छ। तर, जग्गाको स्वामित्व प्रदेश सरकारसँग छैन।




प्रदेश सरकार गठनका बेला तत्कालका लागि जचुकालिको परिसर तथा भवनबाट प्रशासनिक कामहरू सञ्चालन गर्ने गरी संघ सरकारबाट स्वीकृति प्रदान गरिएको थियो।

त्यसयता कैयौँपटक जचुकालि पुन: सञ्चालनमा ल्याउनुपर्ने आवाज उठिरहेको छ। नेकपा नेता एवं पूर्वमन्त्री मातृकाप्रसाद यादवले जचुकालिको बोर्ड समेत त्यसमा लगाएर सञ्चालनको पहल गरेका थिए। तर सफल हुन सकेन।

त्यसपछि २०७९ साउन १५ गतेका दिन शेरबहादुर देउवा

बाँकी पृष्ठ ४

# भारततर्फ चोरी निकासीको तयारीमा रहेको साढे १९ लाखभन्दा बढीको फर्सीको बिउ बरामद

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १९ गते**

सिरहाको सीमावर्ती क्षेत्रमा प्रहरीले करिब २० लाख रुपैयाँ बराबरको फर्सीको बिउ बरामद गरेको छ। भारततर्फ चोरी निकासी गर्ने उद्देश्यले लुकाएर राखिएको अवस्थामा ठूलो परिमाणमा फर्सीको बिउ फेला परेपछि सीमावर्ती क्षेत्रमा हुने अवैध व्यापार नियन्त्रणको विषय पुन: चर्चामा आएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार बरियारपट्टी गाउँपालिका-२ खोक्सीस्थित एक घरको बरन्डामा ७० वटा बोरामा प्याक गरी राखिएको फर्सीको बिउ बरामद गरिएको हो। बरामद गरिएको बिउको अनुमानित



मूल्य १९ लाख ६० हजार रुपैयाँ रहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेशबहादुर पालका अनुसार भारततर्फ चोरी निकासी गर्न ठूलो परिमाणमा फर्सीको बिउ लुकाएर राखिएको भन्ने गोप्य सूचनाका आधारमा प्रहरी टोली परिचालन गरिएको थियो। सोही क्रममा स्थानीय हरिदेव दासको घरको बरन्डाबाट बिउ बरामद गरिएको उनले जानकारी दिए।

प्रहरीका अनुसार बरामद गरिएको

बाँकी पृष्ठ ३

**अवैध चोरी निकासी नियन्त्रण गरौं**

- गैरकानुनी रुपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं।
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं।
- वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं।
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं।
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं।
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं।

आर्थिक सुशासन कायम गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# सम्पादकीय...

## सुर्ती गोदामको बहुमूल्य जग्गा अतिक्रमणमुक्त गर

जनकपुर क्षेत्रस्थित जनकपुर चुरोट कारखानाको सरकारी स्वामित्वमा रहेको बहुमूल्य जग्गा अतिक्रमणमा परेको । सिरहाको मिर्चैया बजारमा नै रहेको सरकारी जग्गा अतिक्रमणमा पर्नुमा ठूलो आर्थिक चलखेल भएको छ। यसले सार्वजनिक सम्पत्तिको संरक्षणमा राज्य संयन्त्र कमजोर रहेको र माफियातन्त्र हावी रहेको कुरालाई नै देखाएको छ। सरकारी स्वामित्वमा रहेको करिब ५ बिघा ९ कट्ठा १८ धुर क्षेत्रफलको जग्गा फाँटबारी किताबमा जनकपुर चुरोट कारखानाको भएको पुष्टि भएको छ। समयक्रममा उक्त जग्गा विभिन्न कम्पनी र व्यक्तिका नाममा हस्तान्तरण हुँदै गएको, कित्ताकाट गरिएको तथा ठूलो परिमाणमा निजी संरचना निर्माण भएको छ। जसमा आर्थिक लेनदेन नै मुख्य कुरा हो। तात्कालिन मालपोत र भूमि सुधारका कर्मचारीहरुको मिलोमतोमा नै जचुकालीको जग्गा अतिक्रमणमा परेको छ। जुन चिन्ताको विषय हो।


अहिले उक्त जग्गा सयौं कित्तामा विभाजन भइसकेको छ। त्यसमध्ये ठूलो संख्यामा पक्की घर निर्माण भइसकेका छन् भने थप संरचना निर्माणको क्रम जारी छ। शैक्षिक संस्था सञ्चालनसम्म छ। यदि सरकारी स्वामित्वको जग्गा साँच्चै निजी स्वामित्वमा रूपान्तरण गरिएको हो भने त्यसभित्र जोजो संलग्न छन् ती सवैलाई कारबाहीको दायरमा ल्याउनु पर्छ। आर्थिक असुलीको नाउँमा सार्वजनिक सम्पत्तिमाथिको गम्भीर दोहन र अतिक्रमण गरिएको छ।

यस्तो संवेदनशील विषयमा राज्यका सम्बन्धित निकायले समयमै विस्तृत छानबिन गर्नुपर्ने थियो। तर वर्षौंसम्म पर्याप्त अनुसन्धान नहुनु, विवादित अवस्थामै संरचना थपिँदै जानु र सरकारी निकायहरूबीच स्पष्ट समन्वय नदेखिनु आफैंमा प्रश्नको विषय बनेको छ। सार्वजनिक सम्पत्तिसम्बन्धी विवादमा ढिलासुस्तीले अन्ततः कानुनी, सामाजिक र आर्थिक जटिलता थप्ने मात्र काम गर्छ। सरकारी जग्गा कुनै व्यक्ति, समूह वा संस्थाको निजी सम्पत्ति होइन। यो सम्पूर्ण नागरिकको साझा सम्पत्ति हो। त्यसैले यसको संरक्षण राज्यको पहिलो दायित्व हो। जग्गाको स्वामित्व, हस्तान्तरण प्रक्रिया, कित्ताकाटका आधार, मालपोत तथा नापी अभिलेख र निर्णयहरूको स्वतन्त्र तथा निष्पक्ष छानबिन हुनुपर्छ। दोषी देखिने जोसुकैमाथि कानुनअनुसार कारबाही गरिनुपर्छ। सो जग्गाको विषयमा छुट राज्यले दिनु हुँदैन। सार्वजनिक सम्पत्तिको संरक्षण, कानुनी शासनको सम्मान र नागरिकको विश्वास कायम राख्न तत्काल सत्यतथ्य बाहिर ल्याउन आवश्यक छ। अन्यथा बहुमूल्य सरकारी जग्गा निजीकरण हुँदै जाने र राज्य केवल दर्शक बनेर बस्ने प्रवृत्तिले भविष्यमा अझ गम्भीर परिणाम निम्त्याउन सक्छ। यसैले जिल्ला प्रशासन कार्यालय सिरहा, भूमी प्रशासन, नापी कार्यालयहरुले पुनः सो जग्गाको वारेमा विस्तृत अध्ययन र छानबिन गरी सार्वजनिक गर्नुपर्छ। अतिक्रमणमुक्त सरकारी जग्गा बनाउनु पर्छ र संलग्नहरुलाई कारबाही गर्नुपर्छ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# एक वर्षपछिको स्थानीय निर्वाचनको तयारीमा जुटे दलहरू



एक वर्षपछि हुने स्थानीय तह निर्वाचनका लागि राजनीतिक दलहरू तयारीमा जुटेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा जस्तै गरी जनमत ल्याउने रणनीतिमा लागेको छ भने कांग्रेस, एमाले, नेकपालगायत दलहरू पनि स्थानीय निर्वाचन लक्षित संगठन पुनर्गठन अभियानमा जुटेका छन्।

**उम्मेदवार छान्न रास्वपाले गठन गऱ्यो समिति**

०७९ को निर्वाचनमा रास्वापाले प्रदेश र स्थानीय तहमा भाग नलिएकाले त्यहाँ उसको जनप्रतिनिधि छैनन्। प्रदेश र स्थानीय जनप्रतिनिधि नहुँदा राष्ट्रिय सभामा रास्वपाका जनप्रतिनिधि चयन भएका छैनन्। जसका कारण प्रतिनिधिसभामा दुई तिहाइ नजिक भए पनि राष्ट्रिय सभामा जनादेश नहुँदा रास्वपाको चुनावी एजेण्डा 'संविधान संशोधन' हुने अवस्था छैन। अबको स्थानीय र प्रदेश निर्वाचनबाट स्थानीय तहमा बलियो जनमत भए मात्र रास्वपाले चाहेअनुसार संविधान संशोधन हुने अवस्था छ।

रास्वपाले वैशाख १० गते सहमहामन्त्री विपिनकुमार आचार्यको संयोजकत्वमा स्थानीय तह निर्वाचन उम्मेदवार छनोट रुपरेखा र क्यान्डिडेट छनोट क्लब सम्पादन समिति गठन गरी तयारी सुरु गरेको छ। प्रतिनिधिसभा निर्वाचन परिणामका कारण स्थानीय तहमा आकांक्षी उम्मेदवार धेरै हुने भएकाले विधि र प्रक्रियाबाट उम्मेदवार बनाइने प्रवक्ता मनिष झाले बताए।

झाले असार ७, ८ र ९ मा हुने पार्टीको राष्ट्रिय महाधिवेशनको लागि वडा तहसम्म अधिवेशनमा केन्द्रित भएकाले त्यसमै केन्द्रित भएको र महाधिवेशन सकिन बित्तिकै देशव्यापी रुपमा स्थानीय निर्वाचनको तयारीमा लाग्ने बताए। 'महाधिवेशन सकिन बित्तिकै देशव्यापी रुपमा स्थानीय निर्वाचनको तयारीमा लाग्छौं,' उनले भने, 'उम्मेदवार छनौट चुनौतीपूर्ण छ। तर, विधि र प्रक्रिया बनाएर सबै पालिका र वडामा उम्मेदवार छान्छौं।'

रास्वपाले सबै क्लस्टरबाट युवालाई उम्मेदवार बनाउने नीति लिएको छ। ७५३ पालिकामा युवा उम्मेदवार छनौट गर्ने तयारी रास्वपाको छ। प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले १६४ निर्वाचन क्षेत्रमा ४० वर्षमुनिका ४० प्रतिशत युवालाई उम्मेदवार बनाएको थियो।

**सातै प्रदेशमा निर्वाचन लक्षित अभियानमा कांग्रेस**

गगन थापाले नेतृत्व लिएपछि कांग्रेसले युवा र नयाँलाई प्राथमिकता दिँदै प्रतिनिधिसभा निर्वाचनमा ६४ प्रतिशत युवा र नयाँ अनुहारका उम्मेदवार उठाएको थियो। आगामी स्थानीय र प्रदेश निर्वाचनमा पनि त्यही 'स्प्रिट'लाई निरन्तरता दिने उसको तयारी छ। यसैबीच कांग्रेसको सदस्यता नवीकरणसँगै सुरु भएको अभियान सातै प्रदेशमा सकिएको छ।

कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले आगामी निर्वाचन लक्षित देशव्यापी अन्तरक्रिया गरी सुझाव लिएका छन्। कांग्रेस सभापति थापाले प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरूलाई नागरिकका सरोकारका विषयसँग जोडिएर काम गर्न निर्देशन दिँदै आएका छन्। कांग्रेसले आफ्नो नेतृत्वको सरकार भएका प्रदेश र पालिकाले आमनागरिकलाई हित गर्ने नीति तथा कार्यक्रम ल्याउनुपर्ने निष्कर्ष निकालेको छ। 'प्रदेश र स्थानीय सरकारले आमनागरिकलाई सकारात्मक प्रभाव पार्ने गरी नीति तथा कार्यक्रम र बजेट ल्याउनु पर्छ,' कांग्रेस महामन्त्री गुरुराज घिमिरेले भने, 'हामीले सातै प्रदेश र स्थानीय तहमा निर्वाचन लक्षित अन्तरक्रिया र प्रशिक्षण गरेका छौं।' प्रशिक्षणमा सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मा र महामन्त्री गुरु बराललगायत नेताले आगामी निर्वाचन कांग्रेसको परीक्षा हुने भन्दै बदलिएको कांग्रेसले मुलुकलाई बदल्न चाहेको विश्वास दिनेगरी काम गर्न निर्देशन दिएका थिए। ०७९ को निर्वाचनमा ३२९ पालिकामा जितेर कांग्रेस पहिलो भएको थियो।

**एमालेले ७५३ वटै पालिकामा खटायो केन्द्रीय सदस्य**

२ साताअघि बसेको एमाले केन्द्रीय सचिवालय बैठकले स्थानीय निर्वाचन केन्द्रित निर्देशन दिएको छ। डिजिटल माध्यमबाट सदस्यता नवीकरणलाई अघि बढाएको एमालेले ७५३ वटै पालिकामा केन्द्रीय सदस्यलाई 'मिसन पार्टी जागरण' कार्यविभाजन गरेको छ। 'वर्तमान सरकार र निर्वाचन आयोग प्रदेश सभा र स्थानीय तहका निर्वाचन एकैसाथ गर्नेगरी तयारीमा जुटिरहेको अवस्था छ। प्रतिनिधिसभा निर्वाचनमा व्यहोर्नुपरेको पराजयका कारण पार्टीको एउटा हिस्सा निराश र पलायन हुन खोजेको अवस्था छ,' एमालेले तल्लो कमिटीमा पठाएको अन्तरपार्टी निर्देशिकामा भनेको छ, 'यसप्रकारको अवस्थामा सुधार ल्याउनु र पार्टीपंक्तिमा आशाको सञ्चार जागृत गर्नु आवश्यक छ। पार्टी समीक्षाको चरणमा रहेको हुँदा केन्द्रीय कमिटीको बैठकबाट पार्टी पुनर्गठन र पुनर्जागरणको कार्ययोजना अघि बढाइने छ।'

एमाले संगठन विभाग प्रमुख एवं सचिव भानुभक्त ढकालले बुधबार र बिहीबार सांगठनिक सुदृढीकरण र गतिशीलता दिन काठमाडौंमा कार्यशाला गर्न लागेको बताए। 'यसले पार्टी संगठनलाई थप गति दिनेछ भने आगामी निर्वाचनका लागि राम्रो गर्ने विश्वास छ,' उनले भने।

कार्यशालामा प्रदेश तथा जिल्ला ईन्चार्जहरू, प्रदेश कमिटी वा सो सरहका कमिटीका पदाधिकारी र कार्यालय सचिवहरू, जिल्ला कमिटीका अध्यक्ष र संगठन विभाग प्रमुखहरू, जनसंगठन केन्द्रीय कमिटीका अध्यक्ष र संगठन विभाग प्रमुखहरूलाई बोलाइएको छ। सदस्यता विस्तार, नवीकरण प्रक्रिया र सांगठनिक सुदृढीकरणका भावी योजना बनाउने ढकालले बताए। ०७९ सालको निर्वाचनमा एमालेले २०६ पालिका जितेर दोस्रो भएका थियो।

**नेकपाद्वारा पालिका प्रमुख उपप्रमुखलाई तालिम**

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले जेठ १३ र १४ मा स्थानीय तहका प्रमुख र उपप्रमुखलाई प्रशिक्षण दिई आगामी निर्वाचनको तयारीमा लाग्न निर्देशन दिएको छ। नेकपाले जितेका स्थानीय तहमा राम्रो काम गरे मात्र आगामी निर्वाचनमा मतदाताको मन जित्न सकिने भन्दै आखिर वर्षका कार्यक्रम बनाउँदा ध्यान दिन निर्देशन दिएको छ। स्थानीय विभाग प्रमुख अग्नि सापकोटाले लिखित गाइडलाइन्स दिँदै 'सुशासन, विकास र सेवा प्रवाह' लाई प्रभावकारी बनाउन प्रस्ताव पेस गरेका थिए।

'स्थानीय तहको प्रमुख प्राथमिकता सुशासन, विकास र सेवा प्रवाह हुनुपर्छ,' उनले भने, 'स्थानीय सरकारको प्राथमिकता जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका विकासका विषयमा केन्द्रित हुनुपर्छ। जसमा जीविकोपार्जन, रोजगारी सिर्जना, उत्पादन वृद्धि, कृषि आधुनिकीकरण, गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी, पूर्वाधार विकास तथा सामाजिक सुरक्षा प्रमुख हुन्।'

'स्थानीय सरकार जनताको सुख दुःखको प्रत्यक्ष अभिभावक हो। यसले जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने विकास, सेवा प्रवाह र सुशासनलाई प्रभावकारी बनाउँदै खस्किएको जनविश्वासलाई पुनः स्थापित गर्ने महत्वपूर्ण जिम्मेवारी वहन गर्दछ,' नेकपाले जनप्रतिनिधिलाई दिएको निर्देशनमा उल्लेख छ, 'नागरिकका कुरा ध्यानपूर्वक सुन्नु र वास्तविक समस्याको पहिचान गर्नु आवश्यक छ। सम्पूर्ण शक्ति र प्रतिबद्धताका साथ अघि बढ्यौं भने २०८४ को स्थानीय निर्वाचनमा गुणात्मक सफलता हासिल गर्न सकिनेछ।'

**धेरैभन्दा धेरै उम्मेदवार उठाउने तयारीमा श्रम संस्कृति पार्टी**

पहिलो पटक प्रतिनिधिसभामा पुगेको श्रम संस्कृति पार्टीले स्थानीय र प्रदेश निर्वाचनमा सकेसम्म धेरै उम्मेदवार उठाउने तयारी गरेको छ। पूर्वबाट उदाएको श्रम संस्कृतिले श्रमसँग जोडिएर काम गर्न सक्ने व्यक्तिलाई उम्मेदवार बनाउने नेता आरेन राईले बताए। 'हामी त स्थानीय र प्रदेश चुनावको तयारीमा लागिसक्यौं,' उनले भने, 'अनिवार्य श्रम गर्ने, इमान्दार राम्रो छवि भएको व्यक्तिलाई उम्मेदवार बनाउँछौं।'

बाँकी पृष्ठ ३ ▶▶

# आजको राशिफल

**मेष :** आज चन्द्रमा भावमा रहनेछन्। लामो समयदेखि रोकिएका धार्मिक वा मांगलिक कार्यहरू अगाडि बढ्नेछन्।

**बृष :** आज चन्द्रमा अष्टम भावमा गोचर गर्ने भएकाले अलि सावधानी अपनाउनुपर्ने देखिन्छ।

**मिथुन :** दाम्पत्य जीवन सुखमय रहनेछ। जीवनसाथी वा व्यावसायिक साझेदारको पूर्ण सहयोगले ठूला योजनाहरू सफल हुनेछन्।

**कर्कट :** तपाईंको कार्यक्षमता र आत्मविश्वास उच्च रहनेछ। पुराना ऋण, रोग वा कानुनी विवादहरूबाट मुक्ति मिल्ने योग छ।

**सिंह :** बौद्धिक र रचनात्मक कार्यमा रुचि बढ्नेछ। विद्यार्थी वर्गका लागि अध्ययनमा विशेष सफलता मिल्ने दिन छ।

**कन्या :** पारिवारिक वा घरायसी मामिलाले गर्दा मन केही चिन्तित वा विचलित हुन सक्छ।

**तुला :** आज तपाईंको पराक्रम, हिम्मत र उत्साहमा वृद्धि हुनेछ। छोटो दुरीको फलदायी यात्राको योग बनेको छ।

**वृश्चिक :** रोकिएको धन फिर्ता आउने वा नयाँ आम्दानीको स्रोत फेला पर्ने बलियो योग छ।


**धनु :** चन्द्रमा आफ्नै राशिमा गोचर गर्ने भएकाले शारीरिक रूपमा स्फूर्ति र मानसिक रूपमा प्रसन्नता कायम रहनेछ।

**मकर :** आज चन्द्रमा द्वादश भावमा रहने भएकाले खर्चको मात्रा केही बढ्न सक्छ।

**कुम्भ :** आम्दानीका विभिन्न स्रोतहरू फेला पर्नेछन् र आर्थिक स्थिति सुदृढ हुनेछ।

**मीन :** आज चन्द्रमा दशम (कर्म) भावमा रहनेछन्। कार्यक्षेत्र र राज्यपक्षबाट पूर्ण सहयोग तथा लाभ मिल्ने दिन छ।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# लहानका २४ विपन्न दलित परिवारलाई सुरक्षित घर हस्तान्तरण



**मणिलाल विश्वकर्मा**
**सिरहा, जेठ १९ गते**

आफ्नै थातथलो नहुँदा झुपडीमा गुजारा चलाउँदै आएका सिरहाको लहान नगरपालिका- २२, सिसवनी गाउँका २४ विपन्न परिवारलाई एक करोड २८ लाख रुपैयाँ बढीको लागतमा निर्मित सुरक्षित घर हस्तान्तरण गरिएको छ।

लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले मंगलबार सिसवनीस्थित सोनी सदायको घरको रिबन काटेर साँचोसहित हस्तान्तरण गरेका हुन्। 'भूमिहीन, दलित विपन्न पनि नगरकै बासिन्दा हुन्, नागरिकलाई अप्ठ्यारो परेका वेला स्थानीय सरकारले सघाउँछ भन्ने सन्देश दिन सुरक्षित घर बनाउन आर्थिक सहयोग गरेका हौं,' घर हस्तान्तरण गर्दै उनले भने।

सार्वजनिक ऐलानी जग्गा अतिक्रमण खाली गर्ने नाममा अन्य स्थानीय तहमा विनाविकल्प डोजर चलाएर भूमिहीन दलित र अन्य विपन्न समुदायको उठिबास भइरहेको चर्चा गर्दै उनले भने, 'लहान नगर क्षेत्रका सुकुमवासी, गरिब, विपन्नलाई व्यवस्थित बसोबासका लागि आर्थिक अनुदान उपलब्ध गराई सुरक्षित घर बनाएर सम्बन्धित परिवारलाई दिँदै छौं।'

वर्षौंदेखि झुपडीमा बस्दै आएकी स्थानीय करिब ३५ वर्षीया सोनी सदायले आफूहरूका लागि नगरपालिकाले पक्की घर उपलब्ध गराएपछि खुसी व्यक्त गरिन्। 'श्रीमान्, चार छोराछोरीसहित ६ जनाको परिवार एउटै झुपडीमा बस्दै आएका थियौं,' उनले भनिन्, 'शौचालय, भान्सासहित दुई कोठाको घर पाएपछि थप सुरक्षित महसुस भएको छ।' मजदुरी गरेर तीन छोरा बुहारी, तीन नाति नातिना र आफूसहित १२ जना परिवारको जीविका चल्दै आएको सुनाउँदै स्थानीय ६५ वर्षीया जहर मोचीले भनिन्, 'मजदुरीले बिहान बेलुका दुई छाक खान पनि मुस्किल हुन्थ्यो, पक्की घर पाउने त सोचेका पनि थिएनौं, नगरपालिकाको समेत आर्थिक सहयोगमा घर पाएपछि ढुक्क भएका छौं,' उनले भनिन्।

**शिक्षामा लगानी गर्न आग्रह**

घर हस्तान्तरण समारोहमा भवानी एकीकृत विकास केन्द्रका कार्यकारी निर्देशक सुजितकुमार चौधरीले घर पाएकाहरूलाई अब घर मर्मतमा खर्च हुने रकम जोगाएर छोराछोरीको शिक्षामा लगाउन आग्रह गरे। 'गरिब, विपन्न भएर मजदुरी गरेर थोरबहुत कमाएको रकम पनि अस्थायी फुसको घर मर्मतमा खर्च हुन्थ्यो,' उनले भने, 'अब २५/३० वर्ष घर मर्मतमा अतिरिक्त रकम खर्च गर्नुनपर्ने भएकाले त्यही रकम छोराछोरीको पढाइमा लगाउँदा भविष्य राम्रो बन्न सक्छ।'

बाँकी पृष्ठ ४

## मिटरब्याज पीडितले कहिले पाउँछन् न्याय ?

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ १९ गते**



देशभरका मिटरब्याज पीडितहरूले लामो समयदेखि न्यायको माग गर्दै आइरहेका छन्। तर पनि अझै न्याय पाउन सकेका छैनन्। मंगलबार मात्रै मधेश प्रदेशका आठवटै जिल्लाका मिटरब्याज पीडितहरूले जनकपुरधामस्थित जिल्ला अदालत अगाडि विरोध प्रदर्शन गरेका छन्।

विगत १७ दिनदेखि अनिश्चितकालिन आन्दोलनमा उत्रीएका मिटरब्याज पीडितहरुले मंगलबार विभिन्न नारा लगाउँदै धनुषा जिल्ला अदालत अगाडि सडक अवरुद्ध गर्नुका साथै विरोध प्रदर्शनसमेत गरेका छन्।

सो क्रममा उनीहरुले 'मिटरब्याज पीडितलाई पक्राउ गर्न बन्द गर', 'सुदखोरलाई कारबाही गर', 'अदालतको एकलौटी फैसलाको आधारमा पक्राउ गर्न पाईदैन', 'अदालत/प्रहरी/प्रशासनको दमन बन्द गर', 'हाम्रो माग पूरा गर', 'दफा २४९ (क) लागू गर' लगायतका नारा लगाएका छन्।

रास्वपा नेतृत्वको सरकार निर्माण भएदेखि मिटरब्याज पीडितहरुमाथि पहिले भन्दा बढि दमन हुन लागेको मिटरब्याज विरुद्ध किसान मजदुर नेपालका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहले बताए।

उनले प्रधानमन्त्री बालेन्द्र शाह जनकपुर आउँदा मिटरब्याज पीडितहरुको समस्या समाधान गर्ने वाचा गरेपनि हालसम्म उल्टै दमन नै भोग्नु परिरहेको सुनाए। मिटरब्याजीहरूले १ लाख रकम दिएर तीन लाखको कागज बनाउने गरेको सबैलाई थाहा हुँदाहुँदै अदालतले उनीहरुलाई कारबाही गर्नुको साटो उल्टै पीडितलाई थुन्ने सम्मको आदेश दिनु गलत रहेको अध्यक्ष कुशवाहाको भनाइ छ।

उनले अब पनि सरकारले मिटरब्याज पीडितहरुलाई न्याय नदिए सम्पूर्ण पीडितहरू केन्द्रमा गएर अनिश्चितकालीन आन्दोलन गर्नुको विकल्प नहुने जानकारी दिए। अध्यक्ष कुशवाहाका अनुसार देशभर पाँच लाखभन्दा बढी मिटरब्याज पीडितहरु रहेकोमा धनुषामा मात्र ७० हजार भन्दा बढी पीडितहरू रहेका छन्।

सरकारले अनुचित लेनदेन (मिटर ब्याज)लाई कानुनी दायरामा ल्याउन कानुन नै बनाएको अघि बढेको छ। तर पनि अझै पीडितहरुले न्याय भने पाउन सकेका छैनन्।

## प्रतिपक्षी दलद्वारा मधेश प्रदेश सभा ..............

जनलोकपाल आयोग र लोक सेवा आयोग कुनै पनि संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्ति प्रदेश सरकारका प्रतिनिधिसहित सभामुख र प्रतिपक्षी सम्मिलित समितिबाट गरिने ऐनमा व्यवस्था रहेको छ।

तर मुख्यमन्त्रीले प्रतिपक्षी दल र सभामुख समेतलाई छलेर गोप्य रुपमा पुरानो मितिमा जेठ ६ गते संवैधानिक निकाय जनलोकपाल आयोगको सदस्यमा महोत्तरीको औरही नगरपालिका ७ का सञ्जीवकुमार झा, वडा ८ की कुमारी सुजाता विमल र लोक सेवा आयोगमा धनुषा सबैला नगरपालिका ३ का विमला यादवलाई सदस्य नियुक्ति गरेका जसपा नेपालका प्रदेश सभा सदस्य सञ्जयकुमार यादवले आरोप लगाए।

संघीयता कार्यान्वय र लोकतन्त्रमाथिको ठूलो आघात रहेकाले मुख्यमन्त्रीले माफी नमागेसम्म संसद चल्न नदिने भनी अवरोध गरेपछि दस मिनेटका लागि सभामुख रामआशिष यादवले बैठक स्थगित गरे।

साथै प्रतिपक्षी दलहरूले समानुपातिक रुपमा निर्वाचन क्षेत्रमा बजेट विनियोजन नभएको भन्दै बजेट रकमान्तरको नाममा जथाभावी रकम वितरण गरिएको आरोप पनि लगाए।

## भारततर्फ चोरी निकासीको तयारीमा रहेको .............

बिउ आवश्यक कानुनी प्रक्रिया पूरा गरी माडरस्थित भन्सार कार्यालयमा बुझाइएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ।

यद्यपि फर्सीको बिउ निर्यातमा कानुनी रूपमा पूर्ण प्रतिबन्ध भने छैन। तर नेपाल-भारतबीच कृषि बिउ तथा वनस्पतिजन्य वस्तुको निर्यात-आयात गर्दा क्वारेन्टाइन परीक्षण, भन्सार प्रक्रिया तथा अन्य प्राविधिक मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था छ। भारतको भन्सार नाकामा लाग्ने शुल्क तथा कानुनी प्रक्रिया छल्न खोज्दा व्यापारीहरूले चोरी निकासीको बाटो रोज्ने गरेको अनुमान गरिएको छ।

सीमावर्ती क्षेत्रका सुरक्षाकर्मीहरूका अनुसार पछिल्लो समय कृषि उत्पादन, खाद्यान्न, बिउबिजन तथा दैनिक उपभोग्य सामग्रीको अवैध ओसारपसार नियन्त्रण चुनौतीपूर्ण बन्दै गएको छ। खुला सीमा र सीमित अनुगमनका कारण यस्ता गतिविधि दोहोरिने गरेको बताइन्छ।

सिरहाको बरियारपट्टी, माडर, ठाडी, खोक्सी लगायतका सीमावर्ती क्षेत्रहरू लामो समयदेखि साना तथा ठूला परिमाणमा हुने चोरी निकासी र तस्करीका दृष्टिले संवेदनशील मानिन्छन्। यसपटक ठूलो परिमाणमा फर्सीको बिउ बरामद भएपछि सीमाक्षेत्रमा हुने अवैध व्यापारमाथि निगरानी अझ कडा बनाउनुपर्ने आवश्यकता पुनः औंल्याइएको छ।

सरोकारवालाहरूका अनुसार कृषि उत्पादनको वैध व्यापारलाई प्रोत्साहन गर्दै अवैध निकासी नियन्त्रण गर्न भन्सार, क्वारेन्टाइन र सुरक्षा निकायबीचको समन्वय अझ प्रभावकारी बनाउन आवश्यक देखिएको छ। प्रहरीले भने सीमावर्ती क्षेत्रमा निगरानी बढाइएको र अवैध कारोबारमा संलग्नमाथि कानुनी कारबाही प्रक्रिया अगाडि बढाइने जनाएको छ।

### बिमा लेख हरायो

मिति २०८२/११/२६ मेरो निम्न ब्यहोरा भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : रेखा कुमारी साह (नायक)
ठेगाना : दुधौलि नगरपालिका-८, सिन्धुली
पोलिसी नं.: ६२०००४६५५

## एक वर्षपछिको स्थानीय निर्वाचनको तयारीमा ..............

अध्यक्ष हर्कराज राईले सामाजिक सञ्जालमार्फत स्थानीय तहका उम्मेदवारको नाम पठाउन आग्रह गरेका छन्। 'पालिकाले उम्मेदवारहरूको नाम जस्ताको तस्तै पठाउनु होला। चुनाव गर्ने कुरा नगर्नु है,' उनले भनेका छन्।

राष्ट्रिय प्रजातन्त्र पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री धवलशमशेर राणाबीच द्वन्द्वका कारण आन्तरिक कलहमा फसेको छ। आगामी निर्वाचनबारे तयारी थालिनसकेको नेताहरूको भनाइ छ।

प्रतिनिधिसभा निर्वाचनमा एक सिट जित्न नसके पनि जनता समाजवादी पार्टीले मधेश केन्द्रित पुनर्जागरण अभियान थालेको छ। यसअघि जसपा र लोसपा (लोकतान्त्रिक समाजवादी) बीच एकता भएपछि ४६ पालिका जितेका थिए। जसपा नेता प्रकाश अधिकारीले लोसपासँग एकतापछि संगठन विस्तारमा लागेको बताएका छन्।

जनमतले संगठन विस्तार जारी राखेको महासचिव चन्दन सिंहले बताए। फागुनको प्रतिधिनिधिसभा निर्वाचनको समीक्षा गरी जेठ २४ मा बस्ने केन्द्रीय कार्य समिति बैठकले गर्दै प्रदेश र स्थानीय तह निर्वाचनको कार्यक्रम बनाउने बताए। जनमतले ०७९ को निर्वाचनमा २ पालिका जितेको थियो।

## सिरहा नगरपालिकामा ताल्चामाथि ................

योजना सञ्चालन तथा सेवा प्रवाहमा परेको उनीहरूको आरोप छ। ...जनप्रतिनिधिले उठाएका विषयहरू सम्बोधन हुने कुनै अवस्था देखिएन,' वडाध्यक्ष इन्द्रजितले भने,...समस्या समाधान गर्न कार्यपालिका बैठक अनिवार्य छ।'

यता सिरहा नगरपालिकाका नगर प्रमुख डा. नवीनकुमार यादवले भने घटनालाई फरक ढंगले व्याख्या गरेका छन्। उनका अनुसार प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनु प्रशासनिक जिम्मेवारीभन्दा राजनीतिक गतिविधिमा बढी केन्द्रित भएको दावी गरेका छन्। नगर प्रमुख यादवले प्रमुख प्रशासकीय अधिकृत नियमित रूपमा कार्यालयमा उपस्थित नहुने र आफ्नो सरुवाको प्रक्रिया अगाडि बढेपछि केही वडाध्यक्षलाई उक्साएर तालाबन्दी गराएको आरोप लगाएका छन्। ...नगरपालिकाको प्रशासनिक कामभन्दा व्यक्तिगत स्वार्थ र राजनीतिक गतिविधिलाई प्राथमिकता दिइएको देखिन्छ,' नगर प्रमुख यादवले दाबी गरेका छन्।

नगर प्रमुखको आरोपबारे प्रतिक्रिया लिन प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनुसँग टेलिफोन सम्पर्क गर्ने प्रयास गरिएको भए पनि उनको मोबाइल फोन बन्द रहेकाले प्रतिक्रिया प्राप्त हुन सकेन। स्थानीय तह विज्ञहरूका अनुसार जनप्रतिनिधि र प्रशासनिक नेतृत्वबीचको असमझदारीले स्थानीय सरकारको कार्यसम्पादनमा प्रत्यक्ष असर पार्ने गर्दछ। विशेषगरी बजेट कार्यान्वयन, विकास आयोजना सञ्चालन तथा नागरिक सेवा प्रवाहमा यसको नकारात्मक प्रभाव देखिने सम्भावना रहन्छ।





बिजुलीको सुरक्षित प्रयोग गरौं ।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

सावधानी अपनाऔं, सुरक्षित रहौं ।

कल्याणपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर
मधेश प्रदेश, सिरहा (नेपाल)

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# कमला नदीमा नयाँ पुल निर्माणको माग गर्दै स्थानीयद्वारा चरणबद्ध आन्दोलन

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १९ गते**

तराई-मधेशको सामाजिक तथा आर्थिक विकासको लाइफलाइन मानिएको हुलाकी सडकमा पर्ने सिरहा र धनुषा जोड्ने कमला नदीमा नयाँ पुल निर्माणको माग गर्दै स्थानीयले चरणबद्ध आन्दोलन थालेका छन् । पछिल्लो मंसिरदेखि सुस्त गतिमा पुनर्निर्माण भइरहेको कमला पुलको पूर्व र पश्चिमपट्टि कटान गरी मूल भङ्गालो नै पुलबाहिरबाट बगिरहेकाले करिब १५ वर्ष पहिले गरिएको डिजाइन प्राविधिक रूपले पनि उपयुक्त नहुने भन्दै स्थानीय नयाँ पुल निर्माण गर्नुपर्ने मागसहित आन्दोलित भएका हुन् ।



सिरहा सदरमुकाममा १६ जेठमा प्रदेश सभा सदस्य प्रमोदकुमार यादवको विशेष उपस्थितिमा भएको नयाँ कमला पुल संघर्ष समितिको छलफलको निर्णयबमोजिम चरणबद्ध आन्दोलन थालिएको हो । घोषित आन्दोलनअन्तर्गत मधेश प्रदेश सरकारले ७ भदौ ०८१ मा समितिसँग गरेको सम्झौताअनुरूप पुल निर्माणको यथाशीघ्र ठेक्का लगाउन मागसहित प्रदेश राजधानी जनकपुरधामस्थित प्रदेश सभा भवनअगाडि 'लाज लाग्दैन, नयाँ कमला पुल कहिले सुरु हुन्छ ?' 'कहिलेसम्म संघ सरकारको मुख हेरेर बस्ने ?', 'प्रदेश सरकार हो कि संघ सरकारको शाखा हो ?' भन्दै प्रदर्शनसमेत गरे ।

संघर्ष समितिका संयोजक इन्जिनियर प्रवीणकुमार यादवले कमलामा नयाँ पुल निर्माणका विषयमा प्रदेश सरकारको गैरजिम्मेवार र लाचार अभिव्यक्ति आएको भन्दै आन्दोलन रहर नभई बाध्यता भएको बताए । संघर्ष समितिले प्रदेश मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई स्मरणपत्र बुझाउन जाँदा 'कहाँबाट कमला पुल बनाइदिनु ? आफ्नो सम्पत्ति बेचेर पुल निर्माण गरिदिनुपर्ने हो ? सिरहाबाट निर्वाचित चार सांसदहरूलाई नै गएर भन्नु' भन्दै गैरजिम्मेवार ढंगले प्रस्तुत भएको उनको जिकिर छ ।

**वर्षौंदेखि आवतजावतमा सास्ती**

३१ जेठ ०६८ मा ठेक्का सम्झौता भएको तीन वर्षमा बनिसक्नुपर्ने पुल पटकपटक म्याद थप्दै झन्डै नौ वर्षपछि निर्माणको अन्तिम चरणमा १७ असार ०७८ मा आएको बाढीले भासिएपछि सुस्त गतिमा पुनर्निर्माण भइरहेको छ । सामान्य बाढीमा पनि सिरहा र धनुषासमेत ओहोरदोहोर गर्नेहरू जोखिम मोलेर वारपार गर्न बाध्य छन् ।

पुनर्निर्माण भइरहेको पुलको एक सय मिटरपूर्व तटबन्धनजिकैबाट बगिरहेको मूल भङ्गालोमा गत पुसमा ८० लाखको टेन्डरमा बनाइएको ह्युमपाइपसहितको डाइभर्सनमा आवतजावत सहज भए पनि नदीको मध्यभागमा सामान्य पानी पर्दा पनि करिब दुई-तीन फिट पानी बग्दा आवजावतमा कठिनाइ भइरहेको स्थानीयको गुनासो छ ।

आगामी आर्थिक वर्ष ०८३/८४ का लागि संघीय सरकारले १५ जेठमा ल्याएको बजेटमा हुलाकी सडक आगामी तीन वर्षभित्र सम्पन्न गर्न र आठवटा पुल निर्माणका लागि चार अर्ब बजेट विनियोजन गरिएको भए पनि हुलाकी सडकमै पर्ने पुनर्निर्माण भइरहेको कमला पुल नपरेको भन्दै संघीय सरकारले पनि आफूहरूलाई ढाँटेको स्थानीयको गुनासो छ ।

सिरहा नगरपालिका- ६ का वडाध्यक्ष इन्द्रजित यादवले कमला पुलमा आएर जसरी पनि बनाइछाड्छौँ भन्दै कसम खानेहरूले सत्तामा पुगेपछि बजेटमा कमला पुलबारे एक शब्दसम्म नराख्नु राजनीतिक बेइमानी गरिएको बताए ।

पप्पु लुम्बिनी जेभीले भ्याटसहित २४ करोड ९० लाख ९७ हजार दुई सय रुपैयाँमा ठेक्का लिएको चार सय ६९.२ मिटर लामो पुलको निर्माण व्यवयासीले नै डिजाइन गरी निर्माण गर्ने मोडलमा निर्माण भइरहेको थियो । करिब एक महिनापछि सर्वसाधारणको आवतजावत खुला गर्ने गरी निर्माणको अन्तिम काम भइरहेका वेला आएको बाढीले पुलको सिरहा र धनुषातर्फ जग भासिएर स्ल्याबमा क्षति पुगेको थियो ।

**लाचार प्रदेश सरकार**

संघर्ष समितिले प्राविधिक रूपले पनि पुनर्निर्माण भइरहेको पुल जोखिमरहित नहुने ठहरसहित नयाँ पुल निर्माणको माग गर्दै मुख्यमन्त्री कार्यालयअगाडि ४ भदौ ०८१ देखि आमरण अनशनमा बसेको चौथो दिन ७ भदौमा तत्कालीन मुख्यमन्त्री सतिशकुमार सिंहसँग चारबुँदे सम्झौता भएको थियो ।

कमलामा नयाँ पुल निर्माणका लागि आर्थिक वर्ष ०८२/८३ को वार्षिक बजेटमा व्यवस्था गर्न संघीय सरकारसँग पहल गर्ने, त्यो सम्भव नभए बजेट प्रदेश सरकारकै स्रोतबाट सम्पूर्ण रकम व्यहोर्ने, १ मंसिर २०८१ भित्र नयाँ पुल निर्माणका लागि डिपिआर तयारी गर्न बोलपत्र आह्वान गर्ने सम्झौता गरेको प्रदेश सरकारले आ.व. ०८२/८३ मा कमला पुलका लागि एक करोड रुपैयाँ बजेट छुट्याएको थियो, तर डिपिआर नै नगरी फ्रिज गरिएको जनाइएको छ ।

'प्रदेश सरकारले आफू पनि नगर्न, संघीय सरकारलाई पनि दबाब दिन नसक्ने' लाचार चरित्र प्रदर्शन गरेको सिरहा औरही- ४ का सुरेन्द्र यादवको गुनासो छ ।

समितिको आह्वानमा नयाँ पुल निर्माणका लागि प्रदेश सरकारको आर्थिक वर्ष ०८२/८३ को बजेटमा रकम छुट्याउन माग गर्दै गत जेठमा मधेश प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई ध्यानाकर्षणपत्रसमेत बुझाएको भए पनि प्रदेश सरकारले बजेटमै नपारेको स्थानीयको गुनासो छ ।

## 'लहान स्कलर्स- नि:शुल्क शिक्षा अभियान' को ............

मारवाडी सेवा सदनमा मंगलबार अपराह्न आयोजित पत्रकार सम्मेलनमार्फत अभियानको घोषणा गर्दै अभियानका परिकल्पनाकार चेतन मुरारकाले भने, 'गरिब, विपन्न परिवारका विद्यार्थीले देखेको सपना पूरा गर्न खोजेका हौं ।' 'लहान क्षेत्रका गरिब विपन्न परिवारका विद्यार्थीहरू राम्रो विषय पढ्ने सपना देख्छन्, तर फी तिर्ने रकम नहुँदा पढ्ने रहर त्याग्न बाध्य हुन्छन् ।' त्यही समस्या अन्त्यका लागि नि:शुल्क शिक्षा अभियानको घोषणा गरिएको उनले बताए । 'व्यक्तिगत रूपमा मैले लहान सहरबाट धैरै कुरा पाएको छु' उनले भने, 'अब फर्काउने पालो मेरो पनि हो, रकमको अभावमा लहान क्षेत्रका कुनै पनि विद्यार्थीको पढ्ने भावना मर्न दिनेछैनौं ।'

अभियानका अर्को परिकल्पनाकार सुभाष जैसवालका अनुसार यो वर्ष १०+२ तर्फ विज्ञान, शिक्षा, व्यवस्थापनलगायतका विषय पढ्न चाहेका, तर आर्थिक अभावमा नाम दर्तासमेत गर्न नसकेका विद्यार्थीहरूबाट तोकिएको ढाँचामा आवेदन लिई छात्रवृत्तिमा सामेल हुन लिखित तथा मौखिक परीक्षा, सम्बन्धित वडाको गरिब, विपन्नताको सिफारिस, स्थलगत छानबिनपछि मात्र नाम छनोट गरी छात्रवृत्ति उपलब्ध गराइनेछ ।

'यो वर्ष सुरुवात भएकाले २५ जनालाई मात्र क्याम्पसलाई दिइनुपर्ने शुल्क छात्रवृत्तिस्वरूप उपलब्ध गराइनेछ,' उनले भने, 'लहानस्थित जे.एस. मुरारका बहुमुखी क्याम्पसमा अध्ययन गर्नेहरूलाई छात्रवृत्ति रकम दिन्छौं ।' पत्रकार सम्मेलनमा पंकज गोस्वामीले योपटक थालिएको छात्रवृत्ति अभियान हरेक वर्ष निरन्तर रहने र विद्यार्थीका लागि अन्य क्याम्पसहरूसँग पनि कुराकानी भइरहेको बताए । उनका अनुसार छात्रवृत्तिका लागि बुधबारदेखि पाँच दिनभित्र अनलाइन वा सम्बन्धित अभियानकर्ताहरूको समन्वयमा नि:शुल्क आवेदन लिइनेछ ।

# करेन्ट लागेर १२ वर्षीया बालिकाको मृत्यु

**अपन दैनिक संवाददाता**
**रौतहट, जेठ १९ गते**

रौतहटको देवाही गुनाही नगरपालिका-४ नदीपारि टोलमा करेन्ट लागेर १२ वर्षीया बालिकाको मृत्यु भएको छ ।

धारामा नुहाउने क्रममा मोटर जडान गरिएको मोटरबाट धारामा विद्युतीय करेन्ट प्रवाह हुँदा सोही टोलका बिजेन्द्र पटेलकी १२ वर्षीया छोरी वर्षाकुमारीको मंगलबार करेन्ट लागेर मृत्यु भएको हो ।

करेन्ट लागेर गम्भीर घाइते भएकी पटेलको उपचारका लागि सुकदेव चोकस्थित नेपाल तराईसिटी अस्पताल लगिएको भए पनि चिकित्सकले जाँचपछि मृत घोषणा जिल्ला प्रहरी कार्यालय रौतहटका निमित्त सूचना अधिकारी तथा प्रहरी निरीक्षक रोहितकुमार शर्मा बढइले जानकारी दिए ।

बालिकाको शुकदेव चोकबाट शव परीक्षणका लागि प्रादेशिक अस्पताल गौर ल्याइएको र घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको प्रहरी निरीक्षक बढइले जानकारी दिए ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

अपन दैनिक

## लहानका २४ विपन्न दलित परिवारलाई ..........

सिरहाको धनगढीमाई नगरपालिका-२, भवानीपुरस्थित केन्द्रको प्राविधिक सहयोग तथा सहजीकरणमा नगरपालिकाको आ.व. ०८१/८२ को विपन्न परिवारका लागि सुरक्षित आवास निर्माण कार्यक्रमअन्तर्गत ८२ लाख ८५ हजार ५१५ रुपैयाँ, ह्याविट्याट फर ह्युमानिटी नेपालको २० लाख ३५ रुपैयाँ र स्थानीय समुदायको श्रमदान मूल्यांकन २५ लाख ७१ हजार ४५९ रुपैयाँ लागतमा २४ वटा घर निर्माण गरी हस्तान्तरण गरिएको हो ।

आर्थिक वर्ष ०८०/८१ देखि अहिलेसम्म लहान नगरपालिका १२, १३, १५, २१ र २२ नं. वडामा कुल ११८ घर निर्माण गरी सम्बन्धित दलित विपन्न परिवारलाई हस्तान्तरण गरिएको केन्द्रका सामाजिक विकास अधिकृत ज्ञानदीप चौधरीले बताए । उनका अनुसार नगरपालिकासमेतको आर्थिक सहयोगमा चालू आवमा लहान १३, १५ र १८ नं. वडामा बनिरहेको २५ वटा घर असार मसान्तसम्म हस्तान्तरण गरिनेछ । आगामी आ.व. ०८३/८४ मा नगरपालिकासँगको साझेदारीमा थप ७५ वटा घर निर्माण गरिने योजना रहेको उनले बताए ।

## जनकपुर चुरोट कारखानाको जग्गा ताक्दै मधेश ............

नेतृत्वको सरकारमा उद्योगमन्त्री रहेका दीलेन्द्रप्रसाद बडुले प्राविधिक टोलीसहित जचुकालि सञ्चालनका लागि स्थलगत निरीक्षण गरेका थिए ।

उनले कारखाना पुन: सञ्चालनमा ल्याउन लाग्ने खर्चसहितको प्राविधिक प्रतिवेदनपछि प्रक्रिया अघि बढाउने बताएका थिए । त्यसपछि पनि कुनै पहल भएन । अहिले वालेन्द्र शाह (बालेन) नेतृत्वको सरकार बनेपछि फेरि एकपटक जचुकालि पुन: सञ्चालनको आवाज उठेको छ ।

तर मुख्यमन्त्री कृष्णप्रसाद यादव चुरोट कारखाना पुन: सञ्चालन हुने सम्भावना न्यून रहेको बताउँछन् । सरकारले सुर्तीजन्य उद्योगमा लगानी गर्ने नीति नलिएको अवस्थामा उक्त परिसरलाई प्रदेश सरकारको मुख्यालयका रूपमा विकास गर्नु सबैभन्दा उपयुक्त विकल्प भएको उनको भनाइ छ । 'वस्तीको बीचमा उद्योग सञ्चालन गर्नु वातावरणीय र जनस्वास्थ्यका दृष्टिले समेत उपयुक्त हुँदैन,' उनले भने, 'बरु यही क्षेत्रलाई आधुनिक प्रशासनिक केन्द्रका रूपमा विकास गर्न सकिन्छ ।'

प्रदेश सरकारले अन्यत्र मुख्यालय निर्माण गर्दा ठूलो लगानी आवश्यक पर्ने भएकाले जचुकालिको जग्गा हस्तान्तरण भए कम लागतमा आवश्यक पूर्वाधार निर्माण गर्न सकिने उनको दाबी छ । उनका अनुसार प्रदेश सरकारका मन्त्रालयहरू सञ्चालन भइरहेका भवन पर्याप्त छैनन् । केही संरचना अत्यन्त जिर्ण भइसकेका छन् भने जेनजी आन्दोलनका क्रममा कतिपय भवन क्षतिग्रस्त समेत भएका छन् । 'यदि जग्गाको स्वामित्व संघीय सरकारले प्रदेश सरकारलाई दियो भने आवश्यक संरचना निर्माण कार्य हामी अघि बढाउने छौं,' उनले भने, 'चाँडै लिखित र मौखिक दुवै माध्यमले प्रधानमन्त्रीज्यूलाई प्रदेश सरकारका तर्फबाट ध्यानाकर्षण गराउने तयारीमा छौं ।'

यसअघि २०७९ साउन ८ गते तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले जचुकालिको जग्गा र संरचना हस्तान्तरण तथा नयाँ संरचना निर्माणका लागि ५ अर्ब रूपैयाँ सहयोगका लागि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर लिखित आग्रह गरेका थिए । त्यसको एक सातापछि संघीय सरकारले जचुकालिको अनुगमन गरेको थियो ।

त्यस्तै तत्कालीन मुख्यमन्त्री सरोज यादव समेतले जग्गा हस्तान्तरणको पहल थाले पनि कुनै सकारात्मक पहल भएन । त्यसपछि उनी जनकपुरधाम-१९ स्थित ५२ बिघामा भन्ने ठाउँमा प्रदेश सरकारको प्रशासनिक मुख्यालय बनाउने तयारी अघि बढाएका थिए । तर सफल हुन सकेन ।

कुल ३३ बिघा ९ कट्ठा क्षेत्रफल रहेको जचुकालि परिसरमा तत्कालीन चुरोट कारखानाका निर्देशक आवासहरू अहिले मन्त्री निवासका रूपमा प्रयोग भइरहेका छन् । महाप्रबन्धकको आवास प्रदेश प्रमुखको निवास बनेको छ भने अतिथि सदन मुख्यमन्त्री निवासका रूपमा प्रयोग हुँदै आएको थियो । तर जेनजी आन्दोलनका क्रममा आगो लगाइएपछि अहिले जीर्ण अवस्थामा छ ।

पुरानो क्षेत्रीय बिक्री कार्यालयमा भौतिक पूर्वाधार, ऊर्जा लगायतका मन्त्रालय छन् भने अधिकृत आवासहरूमा आधा दर्जन मन्त्रालय सञ्चालनमा छन् ।

प्रदेश सरकारका स्वास्थ्य, पर्यटन, अर्थ र उद्योग मन्त्रालयसहितका चार मन्त्रालयको प्रशासनिक कार्य, कर्मचारीहरूको क्वार्टरहरू जीर्ण भवनहरूमा सञ्चालित छन् । ती भवन जीर्ण भए पनि प्रदेश सरकारले नयाँ संरचना निर्माण गर्न भने सकेको छैन ।

संघीय सरकार मातहत रहेको चुरोट कारखानाको मुख्य भवन तथा सुर्ती विकास कम्पनीका गोदामहरू लामो समयदेखि प्रयोगविहीन छन् । पुराना संरचना तथा उपकरणहरू काम नलाग्ने अवस्थामा पुगेका छन् भने भित्र रहेका सामग्रीहरूसमेत कुहिन थालेका छन् ।

तत्कालीन सोभियत संघको सहयोगमा स्थापित जचुकालि कुनै समय देशकै सर्वाधिक राजस्व बुझाउने र पाँच हजारभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने कम्पनी थियो । २०४६ सालपछिको राजनीतिक परिवर्तनसँगै जनकपुर चुरोट कारखाना क्रमश: धराशायी भई २०६९ सालदेखि पूर्णरूपमा बन्द छ ।

मधेश प्रदेश नीति आयोगका उपाध्यक्ष राजकुमार सिंहले पनि जचुकालि परिसरलाई प्रदेश सरकारको दीर्घकालीन प्रशासनिक केन्द्रका रूपमा विकास गर्नुपर्ने धारणा राखेका छन् । उनका अनुसार परिसरभित्र ठूलो खेलमैदान, कभर्ड हल, प्रशस्त हरियाली तथा हजारौं व्यक्ति अट्ने गोदाम संरचनाहरू छन्, जसलाई मर्मत गरी विभिन्न सरकारी तथा सार्वजनिक कार्यक्रमका लागि उपयोग गर्न सकिन्छ ।

मधेश भवन तथा जचुकालि परिसरलाई आधुनिक सचिवालय, सम्पूर्ण मन्त्रालय, सरकारी आवास, सभाहल, खेलमैदान, पार्क र बगैंचासहितको प्रशासनिक तथा पर्यटकीय केन्द्रका रूपमा विकास गर्ने प्रदेश सरकारको योजना छ ।

महिला हिंसा

हिंसा होइन, अधिकार, मायाले बनाउछ संसार ।

हात नउठाउ साथ देऊ, प्रेमको सन्देशको फैलाऊ ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम